नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# भरतपुर अस्पताल

## बोलपत्र/दरभाउपत्र सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७१।०४।२२)

प्रमुख मेडिकल सुपरिटेन्डेण्ट

यस अस्पतालको आ.व.०७१/०७२ को लागि आवश्यक तपसिल वमोजिमका सामानहरु बोलपत्र /दरभाउपत्र को माध्यमबाट खरिद गर्नु परेकोले ईच्छुक सप्लाई गर्न ईजाजत प्राप्त सप्लायर्स एवं विक्रेताहरुवाट निम्न शर्तहरुको अधिनमा रही रित पूर्वकको बोलपत्र /दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै यो सूचना यस अस्पतालको Web site http//www.**bharatpurhospital.gov.np** मा पनि हेर्न सकिनेछ ।

**शर्तहरु:**

१) बोलपत्र /दरभाउपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले सि.नं. १ देखि ५ सम्मको लागि बोलपत्र दस्तुर रु.१५१०। (फिर्ता नहुने) र सि.नं.६ को लागि दरभाउपत्र दस्तुर रु.३१०।- (फिर्ता नहुने) यस अस्पतालको राष्ट्रिय वाणिज्य बैंक भरतपुरमा रहेको चल्ती खाता नं. ९६७ मा जम्मा गरी सि.नं.१ देखि ५ सम्मको लागि ३०औं दिनभित्र र सि.नं.६ को हकमा १५ औ दिन भित्र आ.व. २०६९/०७० को कर चुक्ता प्रमाण-पत्र सहित नविकरण भएको फर्म दर्ता र मु.अ.कर दर्ता सहितको स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपी संलग्न राखि यस अस्पतालको Website http//www.**bharatpurhospital.gov.np** को eProcurement System मा गई TOR download गर्न सकिनेछ ।

२) खरीद भएको बोलपत्र/दरभाउपत्र सूचना प्रथम पटक प्रकासित भएको मितिले सि.नं.१ देखि ५ सम्मको हकमा ३१ (एकतीसौ) औ दिनको १२:०० वजे भित्र र सि.नं.६ को हकमा १६(सोह्रौ) औ दिनको १२:०० बजेभित्र यस अस्पतालको Website http//www.**bharatpurhospital.gov.np** को eProcurement System मा गई TOR Upload गर्नुपर्नेछ । दर्ता भएका बोलपत्रको हकमा (सि.नं.१ देखि ५ सम्म) ३१ औं, र दरभाउपत्र (सि.नं.६ ) को हकमा १६ औ दिनको २:०० बजे यस अस्पतालमा बोलपत्र /दरभाउपत्र दाताको रोहवरमा खोलिनेछ । बोलपत्र /दरभाउपत्र खरीद गर्ने वा दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा सोको भोलिपल्ट कायम हुनेछ ।

३) बोलपत्र/दरभाउपत्र दर्ता गर्दा जमानत वापतको बोलकवोल रकमको ३ प्रतिशतले हुन आउने रकम को.ले.नि.का.चितवनको रा.बा.बैंक, भरतपुरमा रहेको ख ३ धरौटी १३१०२०३००००० खातामा रकम जम्मा गरेको बैक भौचर वा कम्तिमा १२० दिन म्याद भएको यस अस्पतालको नाममा बाणिज्य बैंकबाट जारी भएको विड वण्ड upload गर्नुपर्नेछ । बोलपत्र /दरभाउपत्र स्वीकृत भए पछी ५% वरावरको रकम संम्झौता गर्नु अगावै धरौटी खातामा जम्मा गर्नुपर्ने वा यस अस्पतालको नाममा बाणिज्य बैंकबाट जारी भएको कम्तिमा एक वर्ष म्याद भएको परफरमेन्स वण्ड पेश गर्नुपर्नेछ ।

४) बोलपत्र/दरभाउपत्र दाताले कवोल गरेको प्रत्येक आइटमको दररेटलाई (मु.अ.कर बाहेक) अंक र अक्षरमा स्पष्टसँग उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरलाई मान्यता दिइने छ ।

५) नेपाल सरकारको हितलाई ध्यानमा राखि प्राप्त हुन आएका बोलपत्र /दरभाउपत्र मूल्यांकन समितिको सिफारीसमा पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्न सकिने छ । साथै बोलपत्र/दरभाउपत्रमा उल्लेखित परिमाणमा अस्पतालको माग अनुसार थपघट भएतापनि बोलपत्र /दरभाउपत्र दाताले कवोल गरेको दररेटमा मालसामान उपलब्ध गराउनुपर्नेछ ।

६) Expiry Date उल्लेख हुने मालसामानहरुको Manufacturing Date बाट Expiry Date कम्तिमा ८० प्रतिशत मिति बाँकी हुदा स्टोरमा दाखिला हुनुपर्नेछ । सो भन्दा घटी म्याद भएको सामानहरु स्वीकार्य हुनेछैन ।

७) बोलपत्र /दरभाउपत्र दाताले आफुले पेश गरेको बोलपत्र/दरभाउपत्रमा ठेक्का नं. र सप्लाई गर्न चाहेको सामानको नाम स्पष्ट खोली पेश गर्नुपर्नेछ । र आफूले खरिद गर्न चाहेको ठे.नं.मा नै Upload

गर्नुपर्नेछ र आफूले जुन ठेक्कामा भागलिन चाहेको हो सो सम्बन्धी कामको इजाजत पत्र पेश गर्नुपर्नेछ।

८) सप्लाई गरिने सम्पूर्ण मालसामानहरु उच्च गुणस्तरको हुनपर्नेछ। गुणस्तरहिन सामान स्वीकार्य हुने छैन। आवश्यक परेमा सामानहरुको परीक्षण गर्न लाग्ने खर्च सप्लाई गर्ने फर्मले व्यहोर्नुपर्नेछ।

९) बोलपत्र/दरभाउपत्रमा उल्लेखित सामानहरु पटक पटक वा एकमुष्ट रुपमा खरीद गरिने छ। खरीद गरिने सामान घटी वढी हुन सक्नेछ। घटी वढी परिमाणको लागि दररेटमा कुनै परिवर्तन गरिने छैन।

१०) सप्लाई गरिएको सामानको भुक्तानी सामान प्राप्त भएपछि गरिनेछ सामान खरीदको लागि कुनै अग्रिम पेश्की दिइने छैन भुक्तानी गर्दा नियमानुसार लाग्ने करकट्टा गरी दिइनेछ।

११) बोलपत्र/दरभाउपत्र दाताले कवोल गरेको दररेटमा तोकिएको परिमाण मापदण्ड अनुसार र समयमा सामान सप्लाई गर्न नसकेमा बजारबाट सिधै खरीद गरिनेछ। त्यसरी खरीद गर्दा बोलपत्र/दरभाउपत्रमा उल्लेख गरिएको मुल्य भन्दा बढी पर्न गएमा बोलपत्र /दरभाउपत्रदाताको धरौटी रकम वा भुक्तानी गर्न वाकि रकमबाट असुल उपर गरिनेछ।

१२) बोलपत्र/दरभाउपत्रदाताले यस अस्पतालको website मार्फत upload गरेको कागजातहरुको Hardcopy बोलपत्र/दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिवाट ५ दिन भित्र अस्पतालमा पेश गर्नुपर्नेछ अन्यथा मुल्याङ्कनमा समावेस गर्न अस्पताल वाध्य हुने छैन।

१३) बोलपत्र/दरभाउपत्र फाराम पेश गर्दा अस्पतालको स्वीकृत कूल लागत अनुमान भन्दा बोलपत्र /दरभाउपत्रदाताले पेश गरेको जम्मा बोलकबोल अंक घटी भएतापनि कुनै आइटमहरुको हकमा अस्वभावीक दररेट पेश गरेको देखिएमा उक्त बोलपत्र/दरभाउपत्रदाताको एकमुष्ट टेण्डर स्वीकृत नगरी आंशिक रुपमा मात्र स्वीकृत गर्न सकिने छ। साथै त्यस्ता आइटमहरु सबैभन्दा घटी दररेट पेश गर्ने अन्य प्रतिस्प्रर्धी ठेकेदारहरुले पेश गरेको बोलपत्र/दरभाउपत्र मध्येबाट स्वीकृत गर्न सकिनेछ।

१४) संम्झौता गरी मालसामान सप्लाई नगर्ने फर्मलाई नियमानुसार कालोसूचीमा दर्ताको लागि पठाइनेछ।

१५) थप जानकारीको लागि यस अस्पतालमा सर्म्पक राख्न सकिनेछ।

१६) यसमा नपरेका अन्य कुराहरु सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६४ अनुसार हुनेछ।

***तपशिल***

| सि.नं. | ठे.नं. | विवरण | धरौटी रकम | बोलपत्र /दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|
| १ | ५/०७१/७२ | छपाईजन्य सामान | कबोल अंकको ३% | १५१०10 |
| २ | ६/०७१/७२ | स्टेशनरी जन्य सामान | कबोल अंकको ३% | १५१०10 |
| ३ | ७/०७१/७२ | कपडाजन्य सामान | कबोल अंकको ३% | १५१०10 |
| ४ | ८/०७१/७२ | मेडिकल अक्सिजन | कबोल अंकको ३% | १५१०10 |
| ५ | ९/०७१/७२ | एक्सरेजन्य फिल्म तथा सामान | कबोल अंकको ३% | १५१०10 |
| ६ | १०/०७१/७२ | सरसफाईजन्य सामान | कबोल अंकको ३% | ३१०10 |